# विद्यालय कर्मचारी व्यवस्थापनका लागि तयार गरिएको विनियम, २०७४

कार्यपालिकाबाट स्वीकृत मितिः- २०७४/०९/१३

बंगलाचुली गाउँपालिका

कमिरेचौर, दाङ

**प्रस्तावना**

सरकारले सबै विद्यालयहरुका लागि विद्यालय कर्मचारी उपलब्ध गराउन २०६६/०६७ बाट विद्यालय अनुदान दिने र यस अनुदानलाई २०६७/०६८ मा दोब्बर गर्दै क्रमशः दरबन्दी अनुसारको अनुदान दिने नीति अनुरुप विद्यालय क्षेत्र सुधार योजनामा विद्यालय व्यवस्थापन अनुदानको छुट्टै शिर्षक निर्धारण गरी विद्यालय कर्मचारीको व्यवस्थापनका लागि सुनिश्चितनता प्रदान गरेको छ । विद्यालय कर्मचारीको सेवाको सुनिश्चितता एवम् योग्यतम व्यक्तिको विद्यालय कर्मचारीमा प्रवेशको अवसर समेतका लागि शिक्षा नियमावली, २०५९ को नियम १९२ अनुसार सामुदायिक विद्यालयमा कर्मचारी विद्यालय व्यवस्थापन अनुदान प्राप्त भएकोले विद्यालय कर्मचारीको विनियम बनाई बंगलाचुली गाउँपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

१.१ विद्यालय एक सार्वजनिक संस्था हो । शिक्षा प्रति सबै सरोकारवालाको बढ्दो रुची सँगै विद्यालयहरुको जिम्मेवारी बढदै गएको छ । बढदो जिम्मेवारीलाई शिक्षकले मात्र वहन गर्न नसक्ने अवस्था एकातर्फ छ भने अर्कोतर्फ आधारभुत तहसम्म निःशुल्क भएको अवस्थामा विद्यालयकै स्रोतबाट छुट्टै कर्मचारी व्यवस्था गर्न समेत नसकिने अवस्था रहेको छ । विद्यालय एक सार्वजनिक निकाय भएकाले यसका प्रशासनिक व्यवस्थालाई चुस्त, व्यवस्थित र जवाफदेही समेत बनाउनु अपरिहार्य छ । विद्यालय कर्मचारीको व्यवस्थापनका लागि विद्यालयले अनुदान समेत प्राप्त गरी सकेकोले बालबालिकाले विद्यालयमा प्राप्त हुने अनुदानलाई उपयोग गरी आवश्यक पर्ने योग्य कर्मचारी व्यवस्थापन गर्न बान्छनीय भएकोले,

१.१.१ यस विनियमको नाम विद्यालय कर्मचारी व्यवस्थापन गर्ने विनियम, २०७४ रहेको छ ।

१.१.२ यो विनियम बंगलाचुली गाउँकार्यपालिकाको बैठकबाट तयार भई सो कार्यपालिकाबाट स्वीकृत मितिबाट प्रारम्भ भएको मानिनेछ ।

**१.२ परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियममा

- विद्यालय व्यवस्थापन अनुदान भन्नाले विद्यालय कर्मचारीको व्यवस्थापन गर्न गाउँपालिकाले उपलब्ध गराएको अनुदानलाई सम्झनु पर्दछ ।
- विद्यालय कर्मचारी भन्नाले शिक्षण क्रियाकलापमा सहभागी नहुने विलालयका प्रशासनिक कर्मचारीलाई जनाउने छ । सो शब्दले विलालयका सहयोगीलाई समेत जनाउने छ ।
- परिवार भन्नाले कर्मचारीसँग एकासंगोलमा बस्ने निज आफैले पालनपोषण गर्नुपर्ने पति, पत्नी, छोरा, छोरी, धर्मपुत्री, अविवाहित छोरी वा धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्दछ । सो शब्दले पुरुष कर्मचारीको हकमा निजको बाजे बज्यै र महिला कर्मचारीको हकमा निजको सासु ससुरालाई समेत जनाउँछ ।
- छनौट समिति भन्नाले विद्यालय कर्मचारी छनौट गर्न गठन भएको समितिलाई सम्झनु पर्दछ ।
- करार भन्नाले निश्चित शर्त र सिमा तोकी नियुक्ती हुने प्रक्रियालाई सम्झनु पर्दछ ।

**२. कर्मचारीको पद सिर्जना एवं कार्ययोजना तयार**

- गाउँपालिका कार्यालयबाट प्राप्त भएको विद्यालय व्यवस्थापन अनुदानबाट विद्यालयलाई आवश्यक पद सिर्जना गरी सोको पदपुर्तीका लागि निम्न अनुसारको ढाँचामा कार्ययोजना तयार गर्नु पर्नेछ ।
  छनौट समिति गन भएको मितिः-
  विज्ञापन गर्ने मितिः-
  लिखित परीक्षा संचालन र परीक्षाफल प्रकाशन गर्ने मितिः-
  अन्तर्वार्ता तथा प्रयोगात्मक परीक्षा संचालन मितिः-
  अन्तम नतीजा प्रकाशन तथा नियुक्ती गर्ने मितिः-

**३. छनौट समिति**

कर्मचारी व्यवस्थापन गर्न देहाय बमोजिम कर्मचारी छनौट समिति रहने छ ।

क) विद्यालय व्यवस्थापन समितको अध्यक्ष — सदस्य

ख) सम्बन्धित विद्यालय हेर्ने विलालय निरीक्षक वा प्रमुख प्रशासकिय अधिकृतले तोकेको प्राविधिक अधिकृत — सदस्य

ग) विद्यालय सहायक कर्मचारी नियुक्ती गर्न कम्तीमा स्नातक गरेको अधिकृत स्तरको कर्मचारी, माध्यमिक स्थायी शिक्षक र स्रोतव्यक्ती मध्येबाट सम्भव भएसम्म एकजना महिना पर्नेगरी २ जना विशेषज्ञ — सदस्य

घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक — सदस्य सचिव

*नोटः वि.व्य.स. बाट विशेषज्ञ मनोनित गर्दा (ग) मा उल्लिखित सदस्य मध्ये १ जना कम्प्यूटर सम्बन्धी ज्ञान भएको हुनु पर्नेछ ।*

विद्यालय सहयोगी (परिचर) नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिको अध्यक्ष संयोजक, सम्बन्धित स्रोतकेन्द्रको स्रोतव्यक्ती सदस्य र विद्यालय प्र.अ. सदस्य सचिव रहेको एक छनौट समिति रहने छ । विद्यालय सहयोगीको छनौट परिक्षाको अनुगमन सम्बन्धित विद्यालय निरीक्षक वा गाउँपालिकाको अधिकृत स्तरको कर्मचारीबाट गराइने छ । छनौट समितिले छनौट परीक्षा संचालन गर्ने र नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिमा सिफारिस गर्नेसम्मको कार्य गर्नेछ ।

**४. विज्ञापन प्रकाशन**

क) विद्यालय कर्मचारी पदपुर्तीका लागि विज्ञापन गर्दा १५ दिनको समयावधी राखी स्थानीय वा राष्ट्रिय दैनिक पत्रपत्रिकामा विज्ञापन प्रकाशित गरी सोको सूचना विद्यालय रहेको गाउँपालिका, स्वास्थ्य चौकी, नजिकको विद्यालय, स्रोतकेन्द्र र जि.शि.का.को सूचना पाटीमा अनिवार्य रुपमा टाँस गरी मुचुल्का बनाई राख्नुपर्नेछ ।

ख) विद्यालय कर्मचारीका लागि

१. विद्यालय सहायक कर्मचारीको लागि

- १८ वर्ष उमेर पुरा भएको
- ३५ वर्ष ननाघेको तर महिलाको हकमा ४० वर्ष ननाघेको
- कुनै फौजदारी अभियोग नलागेको
- नेपाली नागरिक
- व्यवस्थापन संकाय तर्फ प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण

- मगज नबिग्रिएको
- निरोगिताको प्रमाण पत्र
- कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको

२. विद्यालय सहयोगी (परिचर)

- १८ वर्ष उमेर पुरा भएको
- ३५ वर्ष ननाघेको तर महिलाको हकमा ४० वर्ष ननाघेको
- कुनै फौजदारी अभियोग नलागेको
- नेपाली नागरिक
- व्यवस्थापन संकाय तर्फ प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण
- मगज नबिग्रिएको
- निरोगिताको प्रमाण पत्र

ग) विद्यालय कर्मचारी छनौटका लागि विज्ञापन गर्दा आवेदन दस्तुर वापत विद्यालय सहयोगीको लागि रु.१५०।– (एक सय पचास) र विद्यालय सहायक कर्मचारीका लागि रु.४००।– (चार सय) नबढाई लिन सकिनेछ ।

घ) परिक्षा केन्द्रः- विद्यालय कर्मचारी छनौटमा लिइने परीक्षाको केन्द्र स्रोतकेन्द्र वा गाउँपालिकाको केन्द्रमा रहनेछ ।

**५. परीक्षा संचालन एवं प्रश्नपत्रको तयारी ढाँचा**

क) परीक्षा लोकसेवा आयोगले निर्धारण गरेको पाठ्यक्रमको ढाँचा समेतलाई मध्यनजर गरी १०० (८०+२० विषयगत र वस्तुगत) पूर्णाङ्कको लिखित, २५ पूर्णाङ्कको कम्प्यूटर सम्बन्धी प्रयोगात्मक र २५ पूर्णाङ्कको अन्तर्वार्ता रहने छ । विद्यालय सहयोगीको छनौट गर्दा २५ पूर्णाङ्कको अन्तर्वार्ता मात्र लिइनेछ । प्रत्येक विशेषज्ञहरुबाट विषयअनुसार एक सेट प्रश्नहरु तयार गरिने छ । त्यसरी तयार पारिएका भिन्न भिन्न प्रश्नहरुका सेट मध्येबाट प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रमका सबै क्षेत्र समिटिने गरी कर्मचारी छनौट समितिका अध्यक्ष र सम्बन्धित विद्यालयका प्रधानाध्यापकको रोहवरमा विशेषज्ञ र गाउँपालिकाको प्रतिनिधि समेतबाट भिन्दाभिन्दै उक्त सेट प्रश्नहरु मोडरेसन गरी अन्तिमरुप दिइनेछ । यसरी मोडरेसन गरी छनौट गरीएका प्रश्नहरुलाई अन्तिम मानी परीक्षा लिने व्यवस्था मिलाइने छ । लिखित परीक्षाको समयावधी ३.०० घण्टा र उत्तिर्णाङ्क ५० हुनेछ ।

**६. नतिजा प्रकाशन**

- लिखित परीक्षा सकिए लगतै गाउँपालिका कार्यालयको प्रतिनिधिबाट गोप्य तरिकाले उत्तरपुस्तिका कोडिङ गर्ने र परीक्षण कार्य विषय विशेषज्ञबाट गराउने व्यवस्था मिलाइने छ । निजामती सेवा नियमावली, २०५० ले तोकेको संख्याको आधारमा वर्णानुक्रम अनुसार लिखित परीक्षामा सफल उम्मेदवारको नामावली प्रकाशन गरिने छ ।
- लिखित परीक्षामा सफल उम्मेदवारहरुको कम्प्यूटर सम्बन्धी प्रयोगात्मक परीक्षा लिइने छ ।
- अन्तर्वार्ता सम्पन्न नभएसम्म लिखित र प्रयोगात्मक परीक्षाको प्राप्ताङ्क कार्यालय प्रतिनिधिसँग गोप्य रहनेछ । कार्यालय अन्तर्वार्तामा बस्न पाइने छैन ।

- अन्तर्वार्ता प्रयोजनका लागि २५ पूर्णाङ्कलाई निम्नानुसार अङ्क प्रदान गर्ने,
  - न्यूनतम शैक्षिक योग्यता वापत बढिमा ३ अङ्क
  - प्रथम श्रेणीलाई ३ अङ्क, द्धितीय श्रेणी सरहलाई २ अङ्क र तृतीय श्रेणीलाई १ अङ्क
  - माथिल्लो शैक्षिक योगयता वापत बढीमा २ अङ्क
  - प्रथम श्रेणीलाई २ अङ्क, द्धीतीय श्रेणीलाई १.५ अङ्क र तृतीय श्रेणीलाई १ अङ्क
  - अन्तर्वार्ता वापत बढीमा २० अङ्क
- अन्तर्वार्तामा उम्मेदवारलाई बढीमा ७० प्रतिशत र घटीमा ३५ प्रतिशत अङ्क प्रदान गर्नुपर्ने छ र सो अङ्क भन्दा बढी वा घटी अङ्क दिनु परेमा सोको विशेष कारण खुलाउनु पर्नेछ ।
- अन्तर्वार्ताको प्राप्ताङ्क प्राप्त भएपछि लिखित र प्रयोगात्मक परीक्षाको प्राप्ताङ्क समेत जोडी प्राप्ताङ्कको आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने सफल उम्मेदवारको नाम र वैकल्पिक उम्मेदवारको समेत नामावली प्रकाशन गरिने छ ।
- सफल उम्मेदवारलाई नियुक्तिका लागि कर्मचारी छनौट समितिले विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्ने छ ।
- लिखित परीक्षाको उत्तरपुस्तिका, अन्तर्वार्ता र प्रयोगात्मक प्राप्ताङ्क फाराम, समष्टिगत प्राप्ताङ्क शिलबन्दी गरी कम्तिमा एक वर्षसम्म सुरक्षित राख्ने र छनौट समितिको निर्णय गोप्य राख्नु प्र.अ. को प्रमुख दायित्व हुनेछ भने उत्तरपुस्तिका परीक्षण लगायतका पक्षमा पूर्ण गोप्यता र निष्पक्षताको प्रत्याभुती गर्नु विद्यालय व्यवस्थापन समिति र छनौट समितिको जिम्मेवारी हुनेछ ।

विद्यालय कर्मचारीको नियुक्ती

- कर्मचारी छनौट समितिबाट नियुक्तिका लागि सिफारिश भएको उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले ७ दिनभित्र नियुक्ती दिइसक्नु पर्नेछ । सिफारिश भएको उम्मेदवारले नियुक्तिको सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र नियुक्ती लिइसक्नु पर्नेछ । सो म्यादभित्र नियुक्ती पत्र नलिएमा वा नियुक्ती पत्र लिएको ७ दिनभित्र विद्यालयमा हाजिर नभएमा वा सो समयभित्र त्यस्तो उम्मेदवारको मृत्यु भई सो पद रिक्त भएमा विद्यालय व्यवस्थापन समितिले वैकल्पिक सूचीमा रहेका उम्मेदवारलाई योग्यताक्रमअनुसार नियुक्ती गर्नेछ । छनौट भएको उम्मेदवारले १ महिनाभित्र पद छोडेमा पनि वैकल्पिक उम्मेदवारलाई योग्यताक्रमानुसार नियुक्ती गरिने छ ।
- छनौट समितिबाट सिफारिश भएको कर्मचारीलाई करारनामा गराई १ वर्षको लागि विद्यालय व्यवस्थापन समितिको निर्णयबाट करार नियुक्ती गरिने छ ।
- निजको काम सन्तोषजनक देखिएमा करार अवधी क्रमशः १/१ वर्षका दरले थप गर्दै लगिनेछ तर निजको काम सन्तोषजनक नभएमा जुनसुकै समयमा हटाउन सकिनेछ तर निजलाई सफाई पेश गर्ने मौका दिइनेछ ।
- नियुक्ती हुने कर्मचारीले पाउने सेवा शर्त र सुविधा करारनामा र नियुक्ती पत्रमा उल्लेख भए अनुसार हुनेछ ।
- नियुक्ती हुने कर्मचारीको वैयक्तिक फाइल २/२ प्रतिका दरले तयार गरी १ प्रति विलालयमा र १ प्रति गाउँपालिकामा राखिनेछ ।

## कर्मचारीको सेवा शर्त र सुविधा

**तलब भत्ता**

नेपाल सरकारले उपलब्ध गराएको विद्यालय व्यवस्थापन अनुदान नै कर्मचारीको तलब भत्ताको स्रोत हुनेछ। विद्यालयलाई प्राप्त अनुदानलाई १३ ले भाग गर्दा हुने रकम भन्दा कम हुने गरी तलबभत्ता निर्धारण गरिने छैन । नेपाल सरकारबाट अनुदान थप भए अनुसार नै तलबभत्ता समेत थप गरिनेछ ।

**बिदा**

विद्यालय कर्मचारीको विदा शिक्षकले पाउने सरह नै हुनेछ । तर नेपाल सरकारबाट सुविधा पाउने गरी नियम नीति बनेमा विद्यालय व्यवस्थापन समितिले सुविधा उपलब्ध गराउने छ ।

**हितकोष**

विद्यालय कर्मचारीको भावी जीवनलाई ध्यान दिएर विद्यालय व्यवस्थापन समितिले निजले पाउने तलबको कम्तिमा ५ प्रतिशत कट्टा गरी विद्यालयको कुनै आन्तरिक स्रोत भए विद्यालय व्यवस्थापन समितिको निर्णयबाट विद्यालयले समेत सोही अनुपातमा थप गरीसरकारी बैक वा क वर्गको वाणिज्य बैकमा विद्यालय कर्मचारी र प्र.अ. संयुक्त दस्तखतबाट विद्यालय कर्मचारी हितकोष बचत खाता संचालन गर्न सक्नेछ । सेवाबाट निवृत्त हुँदा निजको जम्मा रकम एकमुष्ट दिइने छ ।

### विविध

- यस विनियममा छुट भएका कुराहरु सरकारबाट निर्णय भए अनुसार निजामती सेवा नियमावली, शिक्षक सेवा आयोग, शिक्षा नियमावली र प्रदेश शिक्षा कार्यालयबाट प्राप्त एवं निर्देशन अनुसार हुनेछ ।
- यो विनियमावली गाउँपालिकाबाट जारी भएपछि मात्र पदपूतर्को प्रक्रिया अगाडि बढाइने छ ।
- आवश्यकता अनुसार गाउँपालिकाले प्रचलित ऐन नियमको प्रतिकुल नहुने गरी विनियम संशोधन गर्न सकिनेछ । सोको निर्णय गाउँपालिकाको दुई तिहाई बहुमतबाट हुनेछ ।

**अनुसुची १**

क) छनौट समिति गठन मितिः-

ख) विज्ञापन गर्ने मितिः-

ग) लिखित परीक्षा संचालन मितिः-

घ) लिखित नतिजा प्रकाशन मितिः-

ङ) अन्तर्वार्ता/प्रयोगात्मक परीक्षा संचालन मितिः-

च) अन्तिम नतिजा प्रकाशन मितिः-

छ) नियुक्ति गर्ने मितिः-